आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमहरूको २०८० चैत मसान्तसम्मको

प्रगति प्रतिवेदन (सारांश)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

विषयसूची

१. पृष्ठभूमि १

२. कार्यसम्पादन सूचकहरूको प्रगतिस्थिति ३

३. राजस्व असुली र खर्चसम्बन्धी प्रगतिस्थिति ५

३.१ राजस्व असुलीको प्रगतिस्थिति ५

३.२ खर्चसम्बन्धी प्रगतिस्थिति ५

४. क्रियाकलाप तथा माइलस्टोनको प्रगतिस्थिति ६

४.१ समीक्षा अवधिको क्रियाकलाप तथा माइलस्टोनको प्रगति ६

४.२ आ.व. २०७९/०८० र २०८०/०८१ को समग्र क्रियाकलाप तथा माइलस्टोनको प्रगतिको तुलना ९

४.२.१ क्रियाकलापको प्रगतिको तुलना ९

४.२.२ माइलस्टोनको प्रगतिको तुलना ९

५. क्षेत्रगत प्रगतिस्थिति १०

५.१ आर्थिक क्षेत्र १०

५.२ पूर्वाधार क्षेत्र १३

५.३ शासकीय सुधार क्षेत्र १६

५.४ सामाजिक क्षेत्र १९

६. लक्ष्य प्राप्त नभएका माइलस्टोनहरूको विवरण २२

७. सम्पन्न नभएका माइलस्टोनको मासिक स्थिति २२

८. क्रियाकलापहरूको कार्यान्वयनको अवस्था २४

८.१ तोकिएको लक्ष्य प्राप्त भएका क्रियाकलाप २४

८.२ तोकिएका लक्ष्य प्राप्त नभएका क्रियाकलापको हालको अवस्था २८

९. समस्या र कारणहरूको विश्लेषण ४०

१०. सुझावहरू ४२

१. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्बन्धित प्रक्रिया तथा नतिजामा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात् मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एकै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुबै सदनको संयुक्त बैठकलाई मिति २०८० साल जेठ ५ गते गर्नुभएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको राष्ट्रिय तथ्याङ्क कार्यालयसमेत गरी १६०० क्रियाकलाप र ३४२१ माइलस्टोनका साथै २१ मन्त्रालयहरू तथा लगानी बोर्डको कार्यालयसमेतका ३२७ नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापहरूलाई आबद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व. २०८०/८१ को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको

वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आर्थिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आबध्द गर्न प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भए बमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलापहरू सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौताजस्ता माइलस्टोनहरूको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू बीच मिति २०८०/०४/२५ मा कार्य सम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति एवम् चालु आर्थिक वर्षको षौष महिनासम्ममा बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा आधारित छन्।

२. कार्यसम्पादन सूचकहरूको प्रगतिस्थिति

मन्त्रालय/निकायगतरूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको २०८० चैत महिनासम्मको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

तालिका -१

प्रमुख कार्यसम्पादन सूचकको प्रगतिस्थिति

क्र.सं.	सूचक	इकाइ	२०८० असारको स्थिति	२०८०/८१ को लक्ष्य	श्रावणदेखि चैतसम्मको प्रगति	हालसम्मको एकीकृत उपलब्धि
१.	औसत मुद्रास्फिति	प्रतिशत	७.७	६.५	४.६१	
२.	चालुखाता सन्तुलन	रु अर्ब	-६९.४	-६५	१७९.४८	
३.	विदेशी विनिमय सञ्चिति	रु अर्ब	१४८०.८७	१२००	१९११.८६	
४.	बीमाको पहुँच बिस्तार	प्रतिशत	३९.०	४४.२	४३.४	
५.	पुँजी बजारमा पहुँच (डिम्याट खाता)	संख्या (लाख)	५७.६	१.४	४.९१	६२.५१
६.	आयात	रु.अर्ब	१६००	१४००	११६७.३७	
७.	निर्यात	रू.अर्ब	१५७	२००	११३.९५	
८.	ठूला उद्योग दर्ता	संख्या	६६	८०	३४	
९.	तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मे.टन (हजारमा)	३०.०	२०.०	२१.०९	
१०.	रासायनिक मल आपूर्ति	मे.टन (हजारमा)	३८५.०	५२०.०	३२२.३६	
११.	वन क्षेत्रबाट राजस्व सङ्कलन	रु अर्ब	४.७८	६.००	४.८६	
१२.	काठ उत्पादन	क्यू.फि. (लाखमा)	३१८.०	३००.०	२४०.८७	
१३.	उत्पादित काठ बिक्री	क्यू.फि. (लाखमा)		२५०	२४८.२८	
१४.	पर्यटक आगमन	संख्या (लाख)	८.१६	१०.०	८.९६	
१५.	पोखरा विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	२	५०	९	
१६.	भैरहवा विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	३१६	३५०	२१५	
१७.	COPOMIS प्रणालीमा आबद्ध भएका सहकारी	संख्या (हजारमा)	१५.८	२.१८	१.९	१७.८
१८.	सेवाग्राहीले नजिकको भूसेवा केन्द्रबाट जग्गासम्बन्धी कारोबार गर्न सक्ने किसिमको प्रविधिको जडान	कार्यालय	८९	३७	९	९८

क्र.सं.	सूचक	इकाई	२०८० असारको स्थिति	२०८०/८१ को लक्ष्य	श्रावणदेखि चैतसम्मको प्रगति	हालसम्मको एकीकृत उपलब्धि
१९.	विद्युत उत्पादन क्षमता	मे.वा.	२,७६७	१,१३३	३६२	३१२९
२०.	प्रसारण लाइन निर्माण (६६ के.भि.भन्दा बढी)	स.कि.मि.	५,४८४	६९९	७२८	६,२१२
२१.	कालो पत्रे सडक (दुई लेन)	कि.मी.	१७,६९२	८००	२२४	१७,९१६
२२.	कालोपत्रे सडक (चार लेन)	कि.मी.	१४४.७	१५०	५९.५	२०४.२
२३.	पुल निर्माण	वटा	३,१९१	१५०	८३	३,२७४
२४.	रेल मार्ग (ट्रयाकवेड निर्माण)	कि.मी.	१२१	६	५	१२६
२५.	नागढुङ्गा सुरुङ निर्माण (मेन टनेल र ईभ्याकुएसन टनेल)	कि.मी.	४.९३	०.५७	०.५७	५.५
२६.	सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण	संख्या (लाखमा)	३४.१९	१२	०.६३	३४.८२
२७.	अप्टिकल फाइवर बिस्तार	कि.मी.	१२,२३८	२५००	१,८०५	१४,०४३
२८.	मोबाइल ब्रोडव्याण्ड सेवा बिस्तार	प्रतिशत	९३.०	२	४	९७
२९.	झोलुङ्गे पुल निर्माण	संख्या	१०,५०८	४५९	२१०	१०,७१८
३०.	मूलपानीको क्रिकेट रङ्गशाला निर्माण	प्रतिशत	३५.०	१०	२.८	३७.८
३१.	काठमाण्डौं तराई/मधेश द्रुतमार्ग सडक आयोजना समष्टिगत भौतिक प्रगति	प्रतिशत	२५.५	९.२	७.७	३३.२
३२.	एकीकृत राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन	संख्या (लाख)	१३१.५	२६	१३.३९	१४४.८९
३३.	विद्युतीय राहदानी वितरण	संख्या (हजारमा)	१,९४२.०	८००	११०७	३०४९.०
३४.	औपचारिक क्षेत्रका योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिक	संख्या (हजारमा)	४२४	७६	६८.०९	४९२.०९
३५.	योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध वैदेशिक रोजगारमा रहेका श्रमिक	संख्या (हजारमा)	२२६	२७१	५५५.१७	७८१.१७
३६.	स्वरोजगार क्षेत्रका योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिक	संख्या		१,०००	१९०	१९०
३७.	दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाईउद्धार	जना	५५२	१५०	१२४	६७६
३८.	निःशुल्क डायलासिस सेवा प्राप्त गर्ने बिरामी संख्या	जना (हजार)	६	६	१३.९६	
३९.	दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुती सेवा प्राप्त गर्ने महिला	प्रतिशत	७२	८०	५६.४	
४०.	तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका	प्रतिशत	७०	९५	५९.८	

३. राजस्व असुली र खर्चसम्बन्धी प्रगतिस्थिति

३.१ राजस्व असुलीको प्रगतिस्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८० चैत मसान्तसम्म कर राजस्वतर्फ लक्ष्यको ५१.४% र गैरकर राजस्वतर्फ लक्ष्यको ६५.७% गरी लक्ष्यको कुल ५२.६% राजस्व असुली भएको छ। २०७९ चैतमा कर राजस्व ४७.६% र गैरकर राजस्व ६२.८% गरी लक्ष्यको कुल ४८.७% राजस्व असुली भएको थियो भने २०७८ चैतमा कर राजस्व ६८.२% र गैरकर राजस्व ५४.६% गरी लक्ष्यको कुल ६६.९% राजस्व असुली भएको थियो । राजस्व असुलीको तुलनात्मक विवरण स्तम्भचित्र-१ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र-१

राजस्व असुलीको तुलनात्मक विवरण



(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

३.२ खर्चसम्बन्धी प्रगतिस्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा ५१.९% खर्च भएको छ। यसमध्ये चालुतर्फ ५६.४%, पुँजीगततर्फ ३२.२% तथा वित्तीय व्यवस्थापनतर्फ ५४.६% खर्च भएको छ। २०७९ चैतमा चालुतर्फ ५९.७%, पूँजीगततर्फ २८.२% तथा वित्तीय व्यवस्थापनतर्फ ५६.१% गरी कुल ५२.६% खर्च भएको थियो। त्यसैगरी, २०७८ चैतमा चालुतर्फ ५८.७%, पूँजीगततर्फ २७.५% तथा वित्तीय व्यवस्थापनतर्फ ३४.३% गरी कुल ४८.६% खर्च भएको थियो। २०८० चैत महिनाको खर्चसम्बन्धी विवरण तालिका-२ मा र खर्चसम्बन्धी तुलनात्मक विवरण स्तम्भचित्र-२ मा राखिएको छ।

तालिका-२

२०८० चैत महिनासम्मको कुल खर्च विवरण

रु. अर्बमा

विषय	चालु	पूँजीगत	वित्तीय	कुल
कुल बजेट	११४१.७८४१	३०२.०७४४	३०७.४५३६	१७५१.३१२१
२०८० चैतसम्मको खर्च	६४४.०२५४	९७.३७७४	१६७.९८८६	९०९.३९१४
खर्च प्रतिशत	५६.४	३२.२	५४.६	५१.९

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

स्तम्भचित्र-२

कुल खर्चको तुलनात्मक विवरण



(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

४. क्रियाकलाप तथा माइलस्टोनको प्रगतिस्थिति

४.१ समीक्षा अवधिको क्रियाकलाप तथा माइलस्टोनको प्रगति

आ.व. २०८०/०८१ का लागि विभिन्न २७ निकायहरूको कार्ययोजनामा समावेश भएका कुल १६०० क्रियाकलाप तथा ३४२१ माइलस्टोनमध्ये २०८० चैत मसान्तसम्ममा १३.३% क्रियाकलाप र २३.६% माइलस्टोन सम्पन्न भएका छन्। चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने गरी निर्धारित २१२६ माइलस्टोनहरूमध्ये ३८.०% माइलस्टोन यस अवधिमा सम्पन्न भएका, ४९.०% माइलस्टोन चालु अवस्थामा रहेका र १३.०% माइलस्टोन सुरु हुन सकेका छैनन्। त्यसैगरी, चैत महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ९४५ माइलस्टोनहरूमध्ये ८९.७% सुरु भएका र ९.१% सुरु हुन सकेका छैनन्। चैत मसान्तसम्म सुरु वा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ११.८% सुरु नै हुन सकेका छैनन्। २०८० चैतसम्ममा आर्थिक क्षेत्रको २, पूर्वाधार क्षेत्रको २, शासकीय सुधार क्षेत्रको ५ र सामाजिक क्षेत्रको २ गरी जम्मा ११

वटा माइलस्टोन लक्षित समय अगावै सम्पन्न भएको देखिएको छ। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगति स्थितिलाई क्रमशः तालिका-३ र तालिका-४ मा प्रस्तुत गरिएको छः-

तालिका -३

क्रियाकलापहरूको प्रगतिस्थिति

क्षेत्र	२०८० चैत महिनासम्म			
	क्रियाकलाप संख्या	सम्पन्न भएका	चालु	सुरु नभएका
आर्थिक	४१५	५७	३२२	३६
पूर्वाधार	५००	१८	४४८	३४
शासकीय सुधार	३९२	७०	२७८	४४
सामाजिक	२९३	६७	२०७	१९
कुल	१६००	२१२	१२५५	१३३
	प्रतिशत	१३.३	७८.४	८.३

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

तालिका -४

माइलस्टोनहरूको प्रगतिस्थिति

क्षेत्र	कुल संख्या	२०८० चैत महिनासम्म							सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएका (कुल)
		सम्पन्न हुनुपर्ने	सम्पन्न भएका	सम्पन्न हुनुपर्नेमध्ये		सुरु हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने)	सुरु हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने) मध्ये		
				चालु	सुरु नभएका		सुरु भएका	सुरु नभएका	
आर्थिक	७९७	५१३	२०५	२७५	३३	१८९	१८०	७	४०
पूर्वाधार	१३४८	७०५	१४३	४०८	१५४	५३७	४७५	६०	२१४
शासकीय सुधार	६५४	४२३	२२४	१५२	४७	१४४	१२२	१७	६४
सामाजिक	६२२	४८५	२३६	२०६	४३	७५	७१	२	४५
कुल	३४२१	२१२६	८०८	१०४१	२७७	९४५	८४८	८६	३६३
	प्रतिशत		३८.०	४९.०	१३.०		८९.७	९.१	११.८

**आर्थिक क्षेत्रको २, पूर्वाधार क्षेत्रको २, शासकीय सुधार क्षेत्रको ५ र सामाजिक क्षेत्रको २ गरी जम्मा थप ११ माइलस्टोनहरु लक्षित समय अगावै सम्पन्न भएको ।*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

मन्त्रालय तथा निकायहरूको समग्र क्रियाकलाप र चैतसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति वृत्तचित्र-१ मा र चैतभित्र सुरु भई पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये सुरु भएका वा सुरु हुन नसकेका माइलस्टोनहरूको स्थिति स्तम्भचित्र-३ मा प्रस्तुत गरिएको छः-

वृत्तचित्र-१

क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगतिस्थिति





चैतभित्र सुरु भई तोकिएको लक्ष्य हासिल गर्न पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये सुरु भएका र सुरु हुन नसकेका माइलस्टोनहरूको क्षेत्रगत स्थिति

स्तम्भचित्र-३



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.२ आ.व. २०७९/०८० र २०८०/०८१ को समग्र क्रियाकलाप तथा माइलस्टोनको प्रगतिको तुलना

४.२.१ क्रियाकलापको प्रगतिको तुलना

आ.व. २०८०/८१ को प्रथम ९ महिना र २०७९/०८० को सोही अवधिको क्रियाकलाप तथा माइलस्टोनको प्रगति अवस्थाको तुलनात्मक विश्लेषण गर्दा क्रियाकलापको सम्पन्न प्रतिशत बढेको, चालु अवस्था (सुरु भई निश्चित लक्ष्य हासिल गरेका तर सम्पन्न हुन नसकेका) मा रहेका क्रियाकलापको प्रतिशत र सुरु नै नभएका क्रियाकलापको प्रतिशत घटेको छ। क्रियाकलापको प्रगतिको तुलनात्मक स्थिति स्तम्भचित्र-४ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र-४

क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.२.२ माइलस्टोनको प्रगतिको तुलना

आ.व. २०८०/८१ को प्रथम ९ महिना र २०७९/०८० को सोही अवधिको माइलस्टोनको प्रगति अवस्थाको तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत बढेको छ। चालु अवस्था (सुरु भई निश्चित लक्ष्य हासिल गरेका तर सम्पन्न हुन नसकेका) माइलस्टोन र कार्य सुरु हुन नसकेका माइलस्टोनको प्रतिशत घटेको छ। माइलस्टोनको तुलनात्मक प्रगति विश्लेषणमा यस अवधिमा सम्पन्न हुनुपर्नेमध्ये सम्पन्न भएका र पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएका ११ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। माइलस्टोनको प्रगतिको तुलनात्मक स्थिति स्तम्भचित्र-५ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र-५

माइलस्टोनको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५. क्षेत्रगत प्रगतिस्थिति

५.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ, कृषि तथा पशुपन्छी विकास, उद्योग वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको कार्यालयलाई समावेश गरी विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

२०८० चैत मसान्तसम्म यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूमध्ये १३.७% सम्पन्न भएको, ७७.६% चालु अवस्थामा रहेको र ८.७% कार्य सुरु नभएको देखिएको छ। क्रियाकलापहरू सम्पादनको तुलनात्मक स्थिति हेर्दा लगानी बोर्डको कार्यालयको सबैभन्दा बढी ३५.३% क्रियाकलापहरू सम्पन्न भएको देखिएको छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापहरूको सम्पादनसम्बन्धी विस्तृत विवरण तालिका-५ मा उल्लेख गरिएको छ।

तालिका-५

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	अर्थ	११३	२१	१८.६	८०	७०.८	१२	१०.६
२	कृषि	४८	४	८.३	३९	८१.३	५	१०.४
३	उद्योग	८६	१५	१७.४	५६	६५.१	१५	१७.४
४	संस्कृति	५७	४	७.०	५०	८७.७	३	५.३
५	वन	५१	४	७.८	४७	९२.२	०	०.०
६	भूमि	४३	३	७.०	४०	९३.०	०	०.०
७	लगानी बोर्ड	१७	६	३५.३	१०	५८.८	१	५.९
कुल		४१५	५७	१३.७	३२२	७७.६	३६	८.७

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.१.२ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापको आ.व. २०८०/८१ को प्रथम ९ महिना र अघिल्लो आ.व.को सोही अवधिको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत बढेको देखिन्छ। २०७९ चैतमा ९.३% रहेको सम्पन्न प्रतिशत २०८० चैतमा १३.७% रहेको छ। त्यसैगरी चालु अवस्थामा रहेका क्रियाकलापको प्रतिशत घटेको देखिन्छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-६ मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -६

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.१.३ आर्थिक क्षेत्रका माइलस्टोनको प्रगतिस्थिति

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने ५१३ माइलस्टोनमध्ये ४०.०% माइलस्टोन मात्र सम्पन्न भएका, ५३.६% चालु अवस्थामा रहेका र ६.४% माइलस्टोन सुरु हुन सकेका छैनन्। चैत महिनामा सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा लगानी बोर्डको कार्यालयको सबैभन्दा बढी ७०.०% सम्पन्न भएको देखिएको छ भने अर्थ मन्त्रालयको सबैभन्दा कम ३१.५% माइलस्टोन सम्पन्न भएको देखिएको छ। चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ७०२ माइलस्टोनहरूमध्ये ५.७% सुरु नभएको देखिएको छ। आर्थिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-६ मा प्रस्तुत गरिएको छः-

तालिका-६

आर्थिक क्षेत्रसँग सम्बन्धित निकायहरूको २०८० चैत मसान्तसम्मको माइलस्टोनको प्रगतिस्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	चैतसम्म सम्पन्न हुनुपर्ने	चैतसम्म सम्पन्न हुनुपर्नेमध्ये						चैत भित्र सुरु हुनुपर्ने	चैतसम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	अर्थ	१७५	१२४	३९	३१.५	७४	५९.७	११	८.९	२९	२५	८६.२	४	१३.८	९.८
२	कृषि	११७	६९	२८	४०.६	२९	४२.०	१२	१७.४	४२	३९	९२.९	३	७.१	१३.५
३	उद्योग	१३८	९९	४८	४८.५	४८	४८.५	३	३.०	१६	१६	१००.०	०	०.०	२.६
४	संस्कृति	१३६	९१	३०	३३.०	६१	६७.०	०	०.०	३०	३०	१००.०	०	०.०	०.०
५	वन	९९	५३	२३	४३.४	३०	५६.६	०	०.०	३३	३३	१००.०	०	०.०	०.०
६	भूमि	११०	६७	३०	४४.८	३०	४४.८	७	१०.४	३५	३५	१००.०	०	०.०	६.९
७	लगानी बोर्ड	२२	१०	७	७०.०	३	३०.०	०	०.०	४	२	५०.०	०	०.०	०.०
कुल		७९७	५१३	२०५	४०.०	२७५	५३.६	३३	६.४	१८९	१८०	९५.२	७	३.७	५.७

**लगानी बोर्ड कार्यालयको मन्त्रालयको थप २ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको ।*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.१.४ आर्थिक क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगतिको तुलना

आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका माइलस्टोनको आ.व. २०८०/८१ को प्रथम ९ महिना र अघिल्लो आ.व.को सोही अवधिको प्रगति स्थितिलाई तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत उल्लेख्य रूपमा बढेको, चालु अवस्थामा रहेका माइलस्टोन २०७९ चैतको भन्दा कम रहेको र कार्य सुरु नभएका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ । यस क्षेत्रका माइलस्टोनको तुलनात्मक प्रगति विश्लेषणमा पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएको २ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-७ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -७

आर्थिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा जलस्रोत तथा सिँचाइ, शहरी विकास, खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

५.२.१ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

यस पूर्वाधार क्षेत्र अन्तर्गतका समग्र क्रियाकलापको अवस्था हेर्दा कुल ५०० क्रियाकलापहरूमध्ये ३.६% सम्पन्न, ८९.६% चालु र ६.८% कार्य सुरु नभएको अवस्था देखिन्छ। क्रियाकलापहरूको सम्पादनको तुलनात्मक स्थिति हेर्दा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सबैभन्दा बढी ७.१% क्रियाकलाप सम्पन्न भएको, सहरी विकास मन्त्रालयको सबैभन्दा बढी ९२.६% क्रियाकलाप चालु अवस्थामा रहेको र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १६.७% क्रियाकलाप हालसम्म सुरु हुन नसकेको देखिएको छ। यस क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-७ मा प्रस्तुत गरिएको छ।

तालिका-७

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

क्र.स.	मन्त्रालय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार तथा यातायात	६०	२	३.३	४८	८०.०	१०	१६.७
२	ऊर्जा, जलस्रोत तथा सिंचाइ	११३	८	७.१	१०४	९२.०	१	०.९
३	सहरी विकास	२४४	६	२.५	२२६	९२.६	१२	४.९
४	खानेपानी	४१	१	२.४	३६	८७.८	४	९.८
५	सञ्चार तथा सूचना प्रविधि	४२	१	२.४	३४	८१.०	७	१६.७
कुल		५००	१८	३.६	४४८	८९.६	३४	६.८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२.२ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको आ.व. २०८०/८१ को प्रथम ९ महिना र अघिल्लो आ.व.को सोही अवधिको क्रियाकलापको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न र कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत घटेको र चालु अवस्थामा रहेका क्रियाकलापको प्रतिशत बढेको देखिन्छ। क्रियाकलापहरूको तुलनात्मक विवरण स्तम्भचित्र-८ मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -८

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२.३ पूर्वाधार क्षेत्रका माइलस्टोनको प्रगतिस्थिति

यस समूहभित्र रहेका मन्त्रालयहरूको निर्धारित १३४८ माइलस्टोनहरूमध्ये चैत महिनामा सम्पन्न हुनु पर्ने ७०५ माइलस्टोन रहेका छन्। पूर्वाधार क्षेत्रको समग्र प्रगति अवस्था हेर्दा चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये २०.३% सम्पन्न, ५७.९% चालु र २१.८% सुरु हुन नसकेको देखिएको छ। चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको सबैभन्दा बढी ४९.६% माइलस्टोन सम्पन्न भएका छन्। त्यस्तै चैत मसान्तसम्म सुरु हुनुपर्ने ५३७ माइलस्टोनमध्ये ८८.५% सुरु भएका छन्। चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा १२४२ माइलस्टोनहरूमध्ये १७.२% सुरु नभएको देखिएको छ। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-८ मा प्रस्तुत गरिएको छ।

तालिका-८

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको २०८० चैत मसान्तसम्मको प्रगतिस्थिति

क्र.सं.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	चैतसम्म सम्पन्न हुनुपर्ने	चैतसम्म सम्पन्न हुनुपर्नेमध्ये						चैत भित्र सुरु हुनुपर्ने	चैतसम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	भौतिक	१०७	४३	१४	३२.६	२२	५१.२	७	१६.३	४७	४३	९१.५	४	८.५	१२.२
२	ऊर्जा	२८६	११७	५८	४९.६	५६	४७.९	३	२.६	१४५	१३५	९३.१	८	५.५	४.२
३	सहरी	७५६	४३४	४५	१०.४	२७५	६३.४	११४	२६.३	२७४	२३०	८३.९	४४	१६.१	२२.३
४	खानेपानी	१०६	५०	१६	३२.०	२४	४८.०	१०	२०.०	४७	४६	९७.९	१	२.१	११.३
५	सञ्चार	९३	६१	१०	१६.४	३१	५०.८	२०	३२.८	२४	२१	८७.५	३	१२.५	२७.१
कुल		१३४८	७०५	१४३	२०.३	४०८	५७.९	१५४	२१.८	५३७	४७५	८८.५	६०	११.२	१७.२

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको थप २ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको ।*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२.४ पूर्वाधार क्षेत्रका माइलस्टोनको प्रगतिको तुलना

पूर्वाधार क्षेत्रका मन्त्रालयहरूको माइलस्टोनको आ.व. २०८०/८१ को प्रथम ९ महिना र अघिल्लो आ.व.को सोही अवधिको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न भएका माइलस्टोन र चालु अवस्थामा रहेका माइलस्टोनको प्रतिशत घटेको देखिन्छ । यस क्षेत्रका माइलस्टोनको तुलनात्मक प्रगति विश्लेषणमा पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएको २ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। माइलस्टोनको तुलनात्मक विवरण स्तम्भचित्र-९ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -९

पूर्वाधार क्षेत्रका माइलस्टोनको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय तथ्याङ्क कार्यालयको विश्लेण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

५.३.१ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कुल ३९२ क्रियाकलाप रहेकामा यस अवधिसम्ममा १७.९% क्रियाकलाप मात्र सम्पन्न भएका, ७०.९% चालु अवस्थामा रहेका र ११.२% सुरु हुन सकेका छैनन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी राष्ट्रिय योजना आयोगको ४०.०% क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको ४५.७% क्रियाकलाप सुरु हुन नसकेको देखिएको छ। शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगतिस्थिति तालिका-९ मा प्रस्तुत गरिएको छः

तालिका-९

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगतिस्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५९	१५	२५.४	३६	६१.०	८	१३.६
२	गृह मन्त्रालय	१५६	२०	१२.८	१३०	८३.३	६	३.८
३	रक्षा मन्त्रालय	२८	३	१०.७	२२	७८.६	३	१०.७
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	२८	९	३२.१	१९	६७.९	०	०.०
५	कानुन, न्याय तथा संसदीय मामिला	३५	७	२०.०	१२	३४.३	१६	४५.७
६	परराष्ट्र मन्त्रालय	१८	२	११.१	१३	७२.२	३	१६.७
७	राष्ट्रिय योजना आयोग	१५	६	४०.०	९	६०.०	०	०.०
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	१६	१	६.३	१३	८१.३	२	१२.५
९	राष्ट्रिय सतर्कता केन्द्र	९	२	२२.२	७	७७.८	०	०.०
१०	राष्ट्रिय तथ्याङ्क कार्यालय	२८	५	१७.९	१७	६०.७	६	२१.४
कुल		३९२	७०	१७.९	२७८	७०.९	४४	११.२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३.२ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको आ.व. २०८०/८१ को प्रथम ९ महिना र २०७९/०८० को सोही अवधिको क्रियाकलापको प्रगति स्थितिलाई तुलना गर्दा २०७९ चैतमा ११.८% सम्पन्न प्रतिशत रहेकोमा २०८० चैतमा १७.९% पुगी सुधार भएको देखिन्छ। कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत बढेको छ भने चालु अवस्थाका क्रियाकलापको प्रतिशत घटेको छ। यस क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-१० मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -१०

शासकीय सुधार क्षेत्रसँग सम्बन्धित क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३.३ शासकीय सुधार क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगतिस्थिति

यस समूहभित्र चैतसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित ४२३ माइलस्टोन रहेकामा ५३.०% मात्र सम्पन्न भएका छन् भने ३५.९% चालु अवस्थामा रहेका र ११.१% सुरु नै हुन सकेका छैनन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ७९.१% माइलस्टोन सम्पन्न भएका, परराष्ट्र मन्त्रालयको सबैभन्दा बढी ६१.५% माइलस्टोन चालु अवस्थामा रहेका र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको ३१.०% माइलस्टोन सुरु हुन सकेका छैनन्। चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ५६७ माइलस्टोनहरूमध्ये ११.३% सुरु नभएको देखिएको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१० मा प्रस्तुत गरिएको छः-

तालिका-१०

शासकीय सुधार क्षेत्रका माइलस्टोनको २०८० चैत मसान्तसम्मको प्रगति विवरण

क्र.सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	चैतसम्म सम्पन्न हुनुपर्ने	चैतसम्म सम्पन्न हुनुपर्नेमध्ये						चैतभित्र सुरु हुनुपर्ने	चैतसम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	प्र.म. तथा म.प.	८८	६०	३३	५५.०	२२	३६.७	५	८.३	१९	१६	८४.२	१	५.३	७.६
२	गृह	१७४	११७	६२	५३.०	४६	३९.३	९	७.७	२९	२७	९३.१	०	०.०	६.२
३	रक्षा	८९	४७	१९	४०.४	२४	५१.१	४	८.५	३३	२८	८४.८	५	१५.२	११.३
४	सङ्घीय	६१	४३	३४	७९.१	९	२०.९	०	०.०	८	८	१००.०	०	०.०	०.०
५	कानुन	५१	२९	१०	३४.५	१०	३४.५	९	३१.०	१९	१२	६३.२	७	३६.८	३३.३
६	परराष्ट्र	३२	१३	४	३०.८	८	६१.५	१	७.७	१५	१४	९३.३	०	०.०	३.६
७	रा.यो.आ.	३५	३०	२१	७०.०	९	३०.०	०	०.०	३	३	१००.०	०	०.०	०.०
८	सा.ख.अ.का.	३३	२४	४	१६.७	१३	५४.२	७	२९.२	९	५	५५.६	४	४४.४	३३.३
९	रा.स.के.	२०	१३	१०	७६.९	३	२३.१	०	०.०	४	४	१००.०	०	०.०	०.०
१०	रा.त.का.	७१	४७	२७	५७.४	८	१७.०	१२	२५.५	५	५	१००.०	०	०.०	२३.१
कुल		६५४	४२३	२२४	५३.०	१५२	३५.९	४७	११.१	१४४	१२२	८४.७	१७	११.८	११.३

** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको २ वटा, गृह मन्त्रालयको २ वटा र परराष्ट्र मन्त्रालयको १ वटा गरी जम्मा थप ५ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको ।*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३.४ शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगतिको तुलना

शासकीय सुधार क्षेत्रका १० निकायहरूको माइलस्टोनको आ.व. २०८०/८१ को प्रथम ९ महिना र २०७९/८० को सोही अवधिको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत उल्लेख्य रूपमा बढेको, चालु अवस्थामा रहेका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ । यस क्षेत्रका माइलस्टोनको तुलनात्मक विश्लेषणमा चैत पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएका ५ वटा माइलस्टोन समावेश गरिएको छ। यस क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-११ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -११

शासकीय सुधार क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

५.४.१ सामाजिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापको प्रगतिस्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका कुल २९३ क्रियाकलापहरू रहेकामा समग्र क्रियाकलापको प्रगति स्थिति हेर्दा २२.९% सम्पन्न भएका, ७०.६% चालु अवस्थामा रहेका र ६.५% सुरु नभएको देखिएको छ। सम्पन्न क्रियाकलापको अवस्थालाई तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ३०.०% क्रियाकलाप सम्पन्न भएको, युवा तथा खेलकुद मन्त्रालयको ७८.६% चालु अवस्थामा रहेका र युवा तथा खेलकुद मन्त्रालयको ९.५% क्रियाकलाप सुरु नै हुन नसकेको देखिएको छ । सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-११ मा प्रस्तुत गरिएको छः-

तालिका-११

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

क.स.	मन्त्रालय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि	११०	३३	३०.०	६९	६२.७	८	७.३
२	स्वास्थ्य तथा जनसंख्या	७८	१४	१७.९	६०	७६.९	४	५.१
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	२७	७	२५.९	२०	७४.१	०	०.०
४	युवा तथा खेलकुद	४२	५	११.९	३३	७८.६	४	९.५
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	३६	८	२२.२	२५	६९.४	३	८.३
कुल		२९३	६७	२२.९	२०७	७०.६	१९	६.५

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४.२ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका क्रियाकलापको आ.व. २०८०/८१ को प्रथम ९ महिना र गत आ.व.को सोही अवधिको क्रियाकलापको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत २०७९ चैतमा १४.७% रहेकोमा २०८० चैतमा २२.९% रहेको छ। त्यसैगरी, कार्य सुरु नभएका क्रियाकलाप र चालु अवस्थामा रहेका क्रियाकलापको प्रतिशत घटेको देखिन्छ। यस क्षेत्रको क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-१२ मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -१२

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४.३ सामाजिक क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगतिस्थिति

यस क्षेत्रका कुल ६२२ माइलस्टोन रहेकोमा चैतसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित ४८५ माइलस्टोनमध्ये ४८.७% माइलस्टोन सम्पन्न भएका, ४२.५% चालु अवस्थामा रहेका र ८.९% सुरु हुन सकेका छैनन्। सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ५६.५% रहेको, चालुतर्फ सबैभन्दा धेरै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ५०.०% माइलस्टोन देखिएका छन् । त्यस्तै चैत मसान्तभित्र सुरु हुनुपर्ने ७५ माइलस्टोनमध्ये ९४.७% सुरु भएका छन्। चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ५६०

माइलस्टोनहरूमध्ये ८.०% सुरु नभएको देखिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनहरूको कार्यप्रगति सम्बन्धी विवरण तालिका-१२ मा प्रस्तुत छ।

तालिका-१२

सामाजिक क्षेत्रका माइलस्टोनहरूको २०८० चैत मसान्तसम्मको प्रगतिस्थिति

क्र.सं.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	चैतसम्म सम्पन्न हुनुपर्ने	चैतसम्म सम्पन्न हुनुपर्नेमध्ये						चैतभित्र सुरु हुनुपर्ने	चैतसम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				चैतभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	शिक्षा	२४०	२०१	९०	४४.८	९२	४५.८	१९	९.५	१८	१६	८८.९	२	११.१	९.६
२	स्वास्थ्य	१९३	१५५	७७	४९.७	५५	३५.५	२३	१४.८	१९	१७	८९.५	०	०.०	१३.२
३	महिला	५६	४६	२६	५६.५	१९	४१.३	१	२.२	४	४	१००.०	०	०.०	२.०
४	युवा	६२	३३	१८	५४.५	१५	४५.५	०	०.०	१८	१८	१००.०	०	०.०	०.०
५	श्रम	७१	५०	२५	५०.०	२५	५०.०	०	०.०	१६	१६	१००.०	०	०.०	०.०
कुल		६२२	४८५	२३६	४८.७	२०६	४२.५	४३	८.९	७५	७१	९४.७	२	२.७	८.०

*स्वास्थ्य तथा जनसंख्या *मन्त्रालयको थप २ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको।*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४.४ सामाजिक क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगतिको तुलना

सामाजिक क्षेत्रका ५ निकायहरूको माइलस्टोनको आ.व. २०८०/८१ को प्रथम ९ महिना र आ.व. २०७९/८० को सोही अवधिको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत बढेको, चालु अवस्थामा रहेका माइलस्टोन घटेको र कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ। यस क्षेत्रका माइलस्टोनको तुलनात्मक रुपमा प्रगतिको विश्लेषण गर्दा चैत पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये निर्धारित समय अगावै सम्पन्न भएका २ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र -१३ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -१३

सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण



स्रोतः एकीकृत अनुगमन प्रणाली)

६. लक्ष्य प्राप्त नभएका माइलस्टोनहरूको विवरण

मन्त्रालय तथा निकायहरूबाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट वार्षिक कार्ययोजना अनुसार चैत मसान्तसम्म निश्चित लक्ष्य हासिल हुनु पर्नेमध्ये लक्ष्य हासिल हुन नसकेका माइलस्टोनहरूको विवरण वृतचित्र-२ बमोजिम रहेको छ ।

वृतचित्र -२

लक्ष्य प्राप्ति नभएका माइलस्टोनहरूको विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- मन्त्रालय/निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका १८४१ माइलस्टोनहरु मध्ये सुरु नभएका ४.७%, सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएका १५%, सम्पन्न हुनुपर्ने मध्ये चालु ५६.५% र निश्चित लक्ष्यसहित चालु रहनुपर्नेमध्ये लक्ष्य प्राप्ति नभएका २३.७% देखिन्छ।

७. सम्पन्न नभएका माइलस्टोनको मासिक स्थिति

मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना अनुसार एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएका चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोन मध्ये सम्पन्न नभएका १३१८

माइलस्टोनहरूको सम्पन्न हुनुपर्ने महिनाको आधारमा मन्त्रालय/निकायगत विस्तृत विवरण तालिका नं. १३ र स्तम्भचित्र-१४ मा उल्लेख गरिएको छ।

तालिका-१३

चैतसम्म सम्पन्न नभएका माइलस्टोनमध्ये सम्पन्न हुनुपर्ने महिना (मन्त्रालय/निकाय)

क्र.सं.	मन्त्रालय/निकाय	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत	कुल
१	प्र.म. तथा म.प.	०	१	२	३	६	३	३	३	६	२७
२	अर्थ	६	५	१५	९	७	१६	१२	६	९	८५
३	उद्योग, वाणिज्य तथा आपूर्ति	२	८	६	७	६	६	७	४	५	५१
४	ऊर्जा, जलस्रोत तथा सिंचाइ	४	०	६	५	५	१०	९	४	१६	५९
५	कानुन, न्याय तथा संसदीय मामिला	०	२	३	०	४	५	२	१	२	१९
६	कृषि तथा पशुपन्छी विकास	६	२	५	४	७	६	२	४	५	४१
७	खानेपानी	१	१	०	६	६	८	४	४	४	३४
८	गृह	०	७	९	१०	८	५	३	४	९	५५
९	परराष्ट्र	०	०	१	१	१	०	२	१	३	९
१०	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	१	१	७	३	७	३	८	३	४	३७
११	भौतिक पूर्वाधार तथा यातायात	०	१	०	६	४	७	३	२	६	२९
१२	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	३	१	२	२	२	०	१	६	३	२०
१३	युवा तथा खेलकुद	१	१	१	०	०	१	०	१	१०	१५
१४	रक्षा	३	०	३	१४	१	४	१	१	१	२८
१५	वन तथा वातावरण	०	१	२	३	९	४	३	२	६	३०
१६	शिक्षा, विज्ञान तथा प्रविधि	८	१०	२६	११	११	२०	१०	३	१२	१११
१७	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	०	०	५	२	३	६	१	१	७	२५
१८	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१	६	४	१५	१२	७	८	३	५	६१
१९	सङ्घीय मामिला तथा सामान्य प्रशासन	०	०	०	०	२	४	०	१	२	९
२०	सञ्चार तथा सूचना प्रविधि	१	१०	१३	४	७	५	५	५	१	५१
२१	सहरी विकास	७	५४	७८	७३	४७	५२	२८	२३	२७	३८९
२२	स्वास्थ्य तथा जनसंख्या	१	३	१२	१०	१६	११	१०	८	७	७८
२३	राष्ट्रिय योजना आयोग	०	०	२	०	२	२	१	१	१	९
२४	राष्ट्रिय तथ्याङ्क कार्यालय	०	२	३	०	३	२	३	३	४	२०
२५	राष्ट्रिय सतर्कता केन्द्र	०	०	०	०	०	१	०	०	२	३
२६	सार्वजनिक खरिद अनुगमन कार्यालय	०	४	३	४	१	५	०	१	२	२०
२७	लगानी बोर्डको कार्यालय	०	०	१	०	०	०	०	१	१	३
	कुल	४५	१२०	२०९	१९२	१७७	१९३	१२६	९६	१६०	१३१८

स्तम्भचित्र-१४

चैतसम्म सम्पन्न नभएका माइलस्टोनमध्ये सम्पन्न हुनुपर्ने महिना



- प्राप्त विवरण अनुसार चैत मसान्तसम्म सम्पन्न हुनुपर्नेमध्ये साउनमा ४५, भदौमा १२०, असोजमा २०९, कात्तिकमा १९२, मङ्सिरमा १७७, पुसमा १९३, माघमा १२६, फागुनमा ९६ र चैतमा १६० वटा गरी जम्मा १३१८ वटा माइलस्टोनहरू सम्पन्न हुन सकेका छैनन्।

८. क्रियाकलापहरूको कार्यान्वयनको अवस्था

२०८० चैत महिनासम्ममा सम्पन्न हुनुपर्ने वा चैत महिना सम्ममा सुरु भई निश्चित लक्ष्य हासिल गर्दै चैत पछाडिको महिनामा सम्पन्न हुनुपर्ने मुख्य मुख्य क्रियाकलापहरूको प्रगति अवस्था देहाय अनुसार छ ।

८.१ तोकिएको लक्ष्य प्राप्त भएका क्रियाकलाप

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- राष्ट्रिय समन्वय परिषद्को बैठक व्यवस्थापन,
- प्रशासनिक समन्वय परिषद्को बैठक सञ्चालन,
- राष्ट्रिय महत्त्व/प्राथमिकता प्राप्त आयोजनाहरूको अनुगमन,
- व्यावसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको ३ वटा बैठक सञ्चालन,
- उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्को बैठक सञ्चालन,
- अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिको रणनीति तर्जुमा गरी कार्यान्वयनमा लगिएको,

- राष्ट्रिय कृषि गणना, २०७८ का ५ वटा विषयगत प्रतिवेदनहरू तयार,
- PPP परियोजनासँग सम्बन्धित VGF कार्यविधि तयार,
- कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिबाट सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश ।

अर्थ मन्त्रालय

- नयाँ भन्सार विधेयक सङ्घीय संसदमा पेश
- स्रोत सहमति र बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड परिमार्जन

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

- रानीजमरा कुलरीया सिँचाइ आयोजना अन्तर्गतको विद्युत गृहको निर्माण कार्य सम्पन्न
- अपर अरुण जलविद्युत आयोजनाको Test Audit Excavation को ११५ मि. Drilling कार्य सम्पन्न

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

- सन्धि सम्झौताको विद्युतीय प्रति Compile गरिएको
- अध्ययन गरी खारेजी, परिमार्जन, संशोधन र एकीकरण गर्ने कानुन पहिचान गरिएको

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

- २ लाख ४ हजार लिटर तरल नाइट्रोजन उत्पादन, खरिद तथा वितरण
- पशुपन्छी तथा पशु उत्पादन सामग्रीको ९७५ स्रोत बीउ उत्पादन तथा वितरण
- स्थानीय तहहरूमा ४० वटा कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण कार्य ८०% सम्पन्न
- ३ वटा विषादी अवशेष द्रुत परीक्षण प्रयोगशाला निर्माण ७३% सम्पन्न
- खाद्य सम्प्रभुता नियमावली तर्जुमा

खानेपानी मन्त्रालय

- काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना दोस्रोको ठेक्का प्रक्रियाको ८४% काम सम्पन्न
- महादेव खोलाबाट काठमाण्डौं उपत्यकामा खानेपानी आपूर्ति गर्न सम्भाव्यता अध्ययन सम्पन्न
- धरान र भरतपुरमा एकीकृत खानेपानी आयोजनाको फाइनल DPR रिपोर्ट प्राप्त
- सहलगानी खानेपानी तर्फका निर्माणाधीन ८ वटा खानेपानी आयोजनाहरूको ४४% कार्य सम्पन्न

गृह मन्त्रालय

- संशोधित नागरिकता नियमावली जारी भएको
- १६ वटा प्रहरी कार्यालयहरूको भवन निर्माण सम्पन्न

- कैदीबन्दीहरूको स्वास्थ्य उपचारको लागि स्वास्थ्य बिमा कार्यक्रम लागु
- केन्द्रीय कारागार नुवाकोटको दोस्रो चरणको भौतिक कार्य सम्पन्न
- प्रमुख जिल्ला अधिकारीहरूले हेर्नुपर्ने मुद्दाहरूको कार्यविधि मस्यौदा तयार

परराष्ट्र मन्त्रालय

- आपसी हितसँग सम्बन्धित विषयमा ३ वटा द्विपक्षीय सन्धि सम्झौता सम्पन्न
- ८ वटा मुलुकसँगको द्विपक्षीय परामर्श संयन्त्रको बैठक आयोजना/ सहभागी
- बिमस्टेक वडापत्र सङ्घीय संसदबाट अनुमोदन

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- काठमाण्डौं उपत्यकाभित्र रत्नपार्कदेखि सूर्यविनायकसम्म परीक्षणको रुपमा Dedicated Lane मा द्रुत बससेवा सञ्चालन

युवा तथा खेलकुद मन्त्रालय

- परिमार्जित राष्ट्रिय युवा नीति, २०७२ परिमार्जनका लागि सरोकारवालाहरूसँग छलफल सम्पन्न
- ६०५ युवा स्वयंसेवक विकास र परिचालन कार्यक्रम सञ्चालन
- ५८ वटा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा सहभागिता
- २७ वटा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना

रक्षा मन्त्रालय

- मित्रराष्ट्रका सैनिकहरूसँग एकीकृत अभ्यास Disaster Response Exercise and Exchange (DREE) सञ्चालन
- राष्ट्रिय सुरक्षा नीति, २०७५ एवं कार्यान्वयन कार्ययोजना, २०७७ को समीक्षा गोष्ठी सञ्चालन
- अभ्यास शान्ति प्रयास-४ सञ्चालन
- कोशीटप्पु वन्यजन्तु आरक्षमा तटबन्ध निर्माण
- अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन

वन तथा वातावरण मन्त्रालय

- सगरमाथा, नुप्तसे र लोत्से हिमालहरूमा भएको फोहोर संकलन र व्यवस्थापन
- कानुनले तोकेको समयसीमा भित्रै EIA सम्पन्न गरी स्वीकृत भएका आयोजनाहरूको वातावरणीय परीक्षण
- थप ३ वटा वायु गुणस्तर मापन केन्द्र स्थापना गर्न खरिद सम्झौता सम्पन्न

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

- शैक्षिक सत्र सुरु हुनु अगावै सबै विद्यार्थीका हातमा पाठ्यपुस्तक उपलब्ध गराइएको
- ५ वटा मातृभाषाका विषयको पाठ्यक्रम/पाठ्यपुस्तकको पिआरसी विकास गरिएको
- विद्यालय शिक्षासम्बन्धी विधेयक सङ्घीय संसदमा पेश गरिएको
- उच्च शिक्षाको एकीकृत क्यालेन्डर तर्जुमा गरी कार्यान्वयन गरिएको
- अनलाइन मार्फत अध्ययन अनुमति पत्र वितरण गरी चिकित्सा शिक्षा आयोगको सेवा प्रवाह सरलीकरण गरिएको
- ३१,१५० जनाको सीप परीक्षण गरी प्रमाणीकरण गरिएको

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

- २,६२९ वटा प्रतिष्ठानमा श्रम निरीक्षण र २,६३३ वटा प्रतिष्ठानहरूमा बालश्रम निरीक्षण भएको
- राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको गठन आदेश जारी भएको
- १८८ जना कर्मचारीलाई वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणालीसम्बन्धी सञ्चालन क्षमता विकास कार्यक्रम सञ्चालन
- सामाजिक सुरक्षा कोषको रकम उत्पादनमूलक तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी गर्न अध्ययन प्रतिवेदन तयार गर्ने
- वैदेशिक रोजगार विभागबाट अनलाइन उजुरी सञ्चालन गर्ने

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- तिलौराकोट पुरातात्त्विक क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न मनोनयन दस्तावेजलाई युनेस्को सचिवालयमा पेश गरिएको
- २ वटा द्विपक्षीय नयाँ हवाइसेवा सम्झौता गरिएको
- मन्त्रालय अन्तर्गतका ५ वटा पर्यटन प्रवर्द्धन विकास समितिहरू सम्बन्धित प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० सङ्घीय संसदमा दर्ता गरिएको
- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सङ्घीय संसदमा दर्ता गरिएको
- ७ वटै प्रदेशमा वैयक्तिक विवरण प्रणाली हस्तान्तरण गरिएको

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

- सरकारी निकायको लागि कमन टेम्प्लेटद्वारा वेबसाईटकोनिर्माण भई हालसम्म यस प्रणालीमा २६३ वटा निकायहरू आबद्ध भएका र ६८ वटा निकायले यस प्रणालीमार्फत website लाइभ गरिसकेका
- सरकारी निकायको १०३ वटा सूचना प्रणालीहरूको Security Audit सम्पन्न भएको
- ४४० वटा प्रणालीहरूको Security Audit गरी सुरक्षित बनाउन सुझाव सहित प्रतिवेदन दिइएको
- राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रको सञ्चालन गर्ने

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- ६८१ वटा एम्बुलेन्स एकीकृत सेवामा जोडिएको र ४९१ वटा एम्बुलेन्सबाट १०२ नं. मार्फत सेवाप्रवाह भइरहेको
- मुलुकभरिका ९२ सरकारी अस्पतालहरूमा न्यूनतम सेवा मापदण्ड फलोअप भइरहेको
- एक चिकित्सक/स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था कार्यक्रम सङ्घ अन्तर्गतका ४ वटा अस्पतालमा सञ्चालन गरिएको
- आगामी ५ वर्षका लागि चिकित्सा क्षेत्रका विभिन्न विधामा मुलुकलाई आवश्यक पर्ने जनशक्तिको आँकलन गरी चिकित्सा शिक्षा आयोगमा सिफारिस गरिएको ।

८.२ तोकिएका लक्ष्य प्राप्त नभएका क्रियाकलापको हालको अवस्था

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
१	विद्युतीय सुशासन नीति तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश	मस्यौदा तयार	प्र.म. तथा म.प.का.
२	e-governance blue print तयार गर्ने	मस्यौदा तयार	प्र.म. तथा म.प.का.
३	विकास आयोजनासम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश	सम्बन्धित मूल ऐनमा संशोधन गर्ने गरी प्रक्रिया अगाडि बढाउने विषयमा छलफल	प्र.म. तथा म.प.का.
४	सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को संशोधन विधेयक मन्त्रिपरिषद्मा पेश	मस्यौदामाथि छलफल	प्र.म. तथा म.प.का.
५	सार्वजनिक खरिद ऐन संशोधन विधेयक मन्त्रिपरिषद्मा पेश	मस्यौदामाथि छलफल	प्र.म. तथा म.प.का.

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
६	सोह्रौं आवधिक योजना तर्जुमा	कार्य प्रक्रियामा रहेको	प्र.म. तथा म.प.का.
७	भन्सार महशुल विधेयक तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश	कार्य प्रक्रियामा रहेको	अर्थ
८	स्थायी लेखा नम्बर र राष्ट्रिय परिचयपत्र अन्तरआबद्धता कायम	कार्य प्रक्रियामा रहेको	अर्थ
९	आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबाट प्रयोग भइरहेको प्रणालीबीच अन्तरआबद्धता कायम	कार्य प्रक्रियामा रहेको	अर्थ
१०	आयोजना बैंक र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तरआबद्धता कायम	कार्य प्रक्रियामा रहेको	अर्थ
११	राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमा	निर्णय प्रक्रियामा रहेको	अर्थ
१२	अन्तरसरकारी वित्त परिषद्को बैठक सम्पन्न	अन्तिम चरणमा रहेको	अर्थ
१३	वित्तीय समावेशिता रणनीति तर्जुमा गरी समावेशिता सूचक तयार	कार्य प्रक्रियामा रहेको	अर्थ
१४	वस्तु विनिमय बजार कारोबार राफसाफ तथा फछ्र्यौट, वेयरहाउस नियमावली स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश	कार्य प्रक्रियामा रहेको	अर्थ
१५	सार्वजनिक ऋणको दिगोपना विश्लेषण	कार्य प्रक्रियामा रहेको	अर्थ
१६	नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ संशोधन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश	कार्य प्रक्रियामा रहेको	अर्थ
१७	संशोधित कम्पनी विधेयक मन्त्रिपरिषद्मा पेश	अन्तिम चरणमा रहेको	उद्योग
१८	३३ के.भि.ए सबस्टेशन निर्माण कार्य सम्पन्न गरी भैरहवाको विशेष आर्थिक क्षेत्र पूर्ण रूपमा सञ्चालन	निर्माण कार्य ४०% सम्पन्न	उद्योग
१९	वाणिज्य नीति तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश	कार्य प्रक्रियामा रहेको	उद्योग
२०	व्यापार लजिष्टिक्स विधेयक तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश	नयाँ विधेयक तर्जुमा गर्न आवश्यक हुने अवस्था नदेखिएको	उद्योग

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
२१	नेपालगञ्ज स्थित एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न गरी सञ्चालन गर्ने	हस्तान्तरणको क्रममा रहेको	उद्योग
२२	बबई सिँचाइ आयोजनाको मूल तथा शाखा/उपशाखा/नहर थप १७.८ किलोमिटर निर्माण गर्ने	१४.६ कि.मी. सम्पन्न	ऊर्जा
२३	सिक्टा सिँचाइ आयोजनाको दायाँ मूल नहर तथा अन्य शाखा प्रशाखा नहर थप ५.८ कि.मि. निर्माण गर्ने	५.४ कि.मी. सम्पन्न	ऊर्जा
२४	<u>भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना</u> -हेडवर्क्सको सिभिल निर्माण कार्यको थप २१% सम्पन्न गर्ने -पावरहाउसको सिभिल निर्माण कार्यको थप ५६ % सम्पन्न गर्ने -हाइड्रोमेकानिकलसम्बन्धी कार्यको थप ३०% सम्पन्न गर्ने -इलेक्ट्रोमेकानिकलसम्बन्धी कार्यको थप ३३% सम्पन्न गर्ने	 १४% सम्पन्न २४% सम्पन्न १३% सम्पन्न २०% सम्पन्न	ऊर्जा
२५	१०२ मेघावाटको मध्य भोटेकोशी, १११ मेघावाटको रसुवागढी र ४२.५ मेघावाटको सान्जेन जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने	निर्माण सम्पन्न भई टेष्टिङ्ग र कमिसनिङ्गको कार्य भइरहेको	ऊर्जा
२६	<u>अपर अरुण जलविद्युत आयोजना-</u> -६.६ किलोमिटर पहुँचमार्गको निर्माण -हाइड्रोपावर components को टेण्डर डिजाइन तथा टेण्डर डकुमेन्ट बनाउने कार्य	 -पूर्व तयारीका कार्यहरू भइरहेको -कार्य सुरु नभएको	ऊर्जा
२७	द्विपक्षीय व्यापारसम्बन्धी सन्धिको प्रभावकारिता अध्ययन गर्ने	अध्ययनको क्रममा रहेको	कानुन
२८	कानुनी शब्दकोष निर्माण गर्ने	शब्द सङ्कलनको काम भइरहेको	कानुन

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
२९	बेपत्ता पारिएका व्यक्तिको छानबिन गरी ४०० वटा पीडित परिवार परिचयपत्र वितरण गर्ने	आयोगहरू पदाधिकारीविहीन भएकाले कार्य सुरु नभएको	कानुन
३०	८० जनाको डि.एन.ए सङ्कलन तथा प्रोफाइलिङ गर्ने	"	कानुन
३१	पीडित र परिवारजनको पहिचान गरी ७ हजार वटा परिचयपत्र वितरण गर्ने	"	कानुन
३२	विभिन्न बालीको ३५० मेट्रिक टन स्रोत बिउ उत्पादन तथा वितरण	२४८ मेट्रिक टन स्रोत बीउ उत्पादन तथा वितरण	कृषि
३३	सङ्घीय कृषि विधेयक तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश	सहमतिका लागि कानुन मन्त्रालयमा पठाइएको	कृषि
३४	लम्पी रोग नियन्त्रणका लागि खोप उत्पादन सुरु गर्ने	२०८१ असारसम्म परीक्षण उत्पादन हुने	कृषि
३५	स्थानीय तहहरूमा ४० वटा कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण कार्य ८०% सम्पन्न गर्ने	३८ वटाको ७०% भन्दा माथि निर्माण सम्पन्न	कृषि
३६	मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको प्रवेश मार्गको ३ कि.मी. सडक निर्माण सम्पन्न गर्ने	२०८१ असारमा सम्पन्न गर्ने गरी निर्माण सम्झौता सम्पन्न भएको	खानेपानी
३७	१५ वटा स्थानीय तहको सरसफाइ गुरुयोजना तयार गर्ने	परामर्श कार्य भइरहेको	खानेपानी
३८	ठोस्ने खोलाबाट काठमाण्डौं उपत्यकामा खानेपानी आपूर्ति गर्न सम्भाव्यता अध्ययन गर्ने	अध्ययन भइरहेको	खानेपानी
३९	४ वटा सहलगानी खानेपानी आयोजनाहरूको निर्माण सम्पन्न गरी पानी सञ्चालन गर्ने	बजेट अभाव	खानेपानी
४०	सार्वजनिक शौचालयका १० वटा योजनाहरू सुरु गर्ने	२ वटा सम्पन्न	खानेपानी
४१	<u>काठमाण्डौं उपत्यका थोक खानेपानी प्रसारण आयोजना (दोस्रो)-</u> -सुन्दरीजलमा पानी प्रशोधन केन्द्र निर्माणका लागि २०८१ जेठमा ठेक्का सम्झौता गर्ने गरी बोलपत्रको काम सम्पन्न गर्ने	-ADB सँग वित्तीय ऋण सहयोगका लागि वार्ता भइरहेको	खानेपानी

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
	-याङ्ग्री लार्के सुरुङ निर्माण कार्यको लागि २०८१ जेठमा ठेक्का सम्झौता गर्ने गरी बोलपत्रको काम सम्पन्न गर्ने	-मेलम्ची खानेपानी आयोजना सम्पन्न भएपश्चात् सुरु गरिने	
४२	विपद् उत्थानशील शासन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विभिन्न निकायको भूमिका तथा जिम्मेवारी एवं अन्य विषयमा नीतिगत मापदण्ड तयार गर्ने	विषय क्षेत्रका विभिन्न कार्यविधि /रणनीतिहरूको मस्यौदा तयार भएको	गृह
४३	बाँके जिल्लाको नौबस्ता कारागार सञ्चालनमा ल्याउने	२०८१ वैशाख २० गतेभित्र सञ्चालनमा आउने	गृह
४४	गाँजाको औषधिजन्य प्रयोजनका लागि अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने	अध्ययन कार्यदल गठन	गृह
४५	सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही पहिचानको लागि विभागको VERSP-MIS मा Biometric Verification प्रणाली ३,५०० वडामा लागु गर्ने	Biometric Devices परीक्षण सम्पन्न	गृह
४६	लागु औषध नीति निर्माण गर्ने	मस्यौदा तयार	गृह
४७	Nearline Data Center (NLDC) DC/NLDC/DR) upgrade गरी अध्यागमन सेवालाई प्रभावकारी बनाउन उपकरण जडान तथा परीक्षण गर्ने	खरिद सम्झौतासम्बन्धी कार्य भइरहेको	गृह
४८	NIDMIS सँग थप ५ वटा सार्वजनिक सेवा प्रदायकको प्रणालीलाई आबद्धता गर्ने	छलफलको क्रममा रहेको	गृह
४९	नेपाल भारतबीचको सीमा कार्य समूह र सर्वेक्षण अधिकारीहरूको समितिको बैठक आयोजना गर्ने	बैठकको तयारी हुँदै	परराष्ट्र
५०	नेपाल चीन सीमासम्बन्धी बैठक गर्ने	प्रथम तयारी बैठक सम्पन्न	परराष्ट्र
५१	कन्सुलर सेवा विभागको अनलाइन प्रणालीमा विभिन्न सरकारी निकायसँग समन्वय गरी अन्तरसरकारी प्रणाली आबद्धता कायम गर्ने	वैदेशिक रोजगार विभागको प्रणालीसँग आबद्धताको प्रक्रियामा रहेको	परराष्ट्र
५२	NeLIS र Mero Kitta प्रणाली ६० वटा कार्यालयमा सञ्चालन गर्ने	५८ वटा कार्यालयमा सञ्चालन भएको	भूमि

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
५३	४०० स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी लगत सङ्कलन, सत्यापन र प्रमाणीकरण गर्ने	१३९ स्थानीय तहमा सञ्चालन	भूमि
५४	भूमि प्रशासनसम्बन्धी एकीकृत विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	छलफलको क्रममा रहेको	भूमि
५५	परिमार्जित राष्ट्रिय सहकारी नीति स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	कार्य प्रक्रियामा रहेको	भूमि
५६	सहकारी नियमनका लागि Second Tier Institution गठनका लागि कार्यविधिको मस्यौदा तयार गर्ने	अवधारणापत्र तयार	भूमि
५७	अन्तर्राष्ट्रिय सीमासम्बन्धी अभिलेख तयार गर्ने।	कार्य प्रक्रियामा रहेको	भूमि
५८	भू-उपयोग कार्यान्वयन कार्यविधि तयार गर्ने	सहमतिका लागि कानुन मन्त्रालय पठाउने क्रममा रहेको	भूमि
५९	सार्वजनिक सडक विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	म.प. मा पेश गर्न छलफलको क्रममा रहेको	भौतिक
६०	राष्ट्रिय यातायात नीति स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	मस्यौदा तयार	भौतिक
६१	सङ्घीय यातायात विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	प्रारम्भिक मस्यौदा तयार	भौतिक
६२	नारायणी नदीमा नारायणी पुलदेखि देवघाटसम्म जलमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने	IEE को काम भइरहेको	भौतिक
६३	मधेस प्रदेशको बर्दिबास, गण्डकी प्रदेशको पोखरा र कर्णाली प्रदेशको सुर्खेतमा सवारी परीक्षण कार्यालय स्थापना गर्ने	काम सुरु नभएको	भौतिक
६४	१४ वटा यातायात व्यवस्था कार्यालय/ सेवा कार्यालयहरूबाट Vehicle Registration System (VRS) प्रणाली लागु गर्ने	११ वटा कार्यालयहरूमा VRS प्रणाली लागु	भौतिक
६५	महिलाको घरेलु कामको मूल्य निर्धारणसम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गर्ने	रा. यो. आ. बाट काम भइरहेको	महिला

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
६६	बालविवाह विरुद्धको रणनीति तथा कार्ययोजना स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	सरोकारवालाबाट पृष्ठपोषण लिने काम भइरहेको	महिला
६७	अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (CRPD) को राष्ट्रिय प्रतिवेदन स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	प्रारम्भिक मस्यौदा तयार भएको	महिला
६८	ज्येष्ठ नागरिकको विश्लेषण, अध्ययन र अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने	प्रारम्भिक प्रतिवेदन तयार	महिला
६९	मानव बेचविखन विरुद्धको राष्ट्रिय नीति स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	मस्यौदा तयार भएको	महिला
७०	राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको प्रभावकारिता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	प्रथम ड्राफ्ट तयार	महिला
७१	१०० जना खेलाडीलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन गर्ने	खेलाडी छनौट कार्य जारी	युवा
७२	६० वटा राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना गर्ने	५१ वटा सम्पन्न	युवा
७३	गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणका लागि DPR सम्पन्न गर्ने	DPR निर्माण कार्य जारी	युवा
७४	विदेशी काठको गुणस्तर मापन कार्यविधि स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने	राय सुझाव सङ्कलन भइरहेको	वन
७५	दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने	परामर्शका लागि अर्थ मन्त्रालयमा पेश	वन
७६	१० हेक्टर जमिनमा कृषि वन विकास गर्न किसान, जग्गा तथा कृषि वन प्रणाली छनौट गर्ने	स्थान छनोट भई सरोकारवाला छनोट कार्य भइरहेको	वन
७७	विदेश निर्यातका लागि १ हजार वटा जडीबुटी नमुनाहरूको विश्लेषण, प्रमाणीकरण तथा सिफारिस गर्ने	५८७ वटाको भएको	वन
७८	१,०७७ हेक्टर जमिनमा घाँसे मैदान व्यवस्थापन गर्ने	१,००५ हेक्टर जमिनमा सम्पन्न	वन

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
७९	विश्वविद्यालयको डाटाबेससँग एन.ओ.सी पोर्टल एकीकरण गरी एन.ओ.सी वितरण प्रक्रिया थप सहज बनाउने	विश्वविद्यालयको डाटाबेस तयारीको क्रममा रहेको	शिक्षा
८०	उच्च शिक्षामा उद्यमशीलता विकास गर्न ३० वटा उच्च शैक्षिक संस्थाहरू मार्फत उद्यमशीलतासम्बन्धी तालिम प्रदान गर्ने	उच्च शैक्षिक संस्था छनौट सम्पन्न	शिक्षा
८१	५ वटा मातृभाषाको पाठ्यपुस्तक विकास गर्ने	विज्ञबाट सुझाव लिने कार्य भइरहेको	शिक्षा
८२	उच्च शिक्षासम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	सर्वसाधारणबाट सुझाव माग	शिक्षा
८३	राष्ट्रिय योग्यता प्रारूपको विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	तर्जुमाको क्रममा रहेको	शिक्षा
८४	प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	तर्जुमाको क्रममा रहेको	शिक्षा
८५	२० वटा उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गर्ने	११ वटालाई प्रमाणपत्र प्रदान	शिक्षा
८६	विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	मस्यौदा तयार भइरहेको	शिक्षा
८७	वैदेशिक रोजगारमा गएका/जाने ६२,५२० व्यक्तिलाई वित्तीय साक्षरता अभिमुखीकरण तालिम प्रदान गर्ने	१५,४७० जनालाई प्रदान	श्रम
८८	सरकारी सेवामा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नेसम्बन्धी निर्देशिका स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	राय सहमति माग गरिएको	श्रम
८९	प्रधानमन्त्री रोजगार कार्यक्रमको एकीकृत निर्देशिका परिमार्जन गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	कार्यक्रमको ढाँचा परिवर्तन सम्बन्धमा छलफल भइरहेको	श्रम
९०	व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानबाट प्रदान गरिएका व्यावसायिक सीपमूलक तालिमको प्रभावकारितासम्बन्धी अध्ययन गर्ने	खरिद प्रक्रियामा रहेको	श्रम

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
९१	श्रम र रोजगार क्षेत्रमा सङ्घबाट प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको प्रभावकारिता अध्ययन गर्ने	प्रारम्भिक मस्यौदा प्राप्त	श्रम
९२	राष्ट्रिय संस्कृति नीति स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश	मस्यौदा तयार	संस्कृति
९३	संस्कृतिसम्बन्धी कानुनको विधेयक मन्त्रिपरिषद्मा पेश	अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी ऐनको मस्यौदा अन्तिम चरणमा रहेको र कार्यविधि तयार भइरहेको	संस्कृति
९४	नागरिक उड्डयन विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा पेश	मस्यौदा तर्जुमा कार्य भइरहेको	संस्कृति
९५	हवाइ सेवा संस्थाको दायित्व तथा बिमासम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	मस्यौदा तर्जुमा कार्य भइरहेको	संस्कृति
९६	पर्वतारोहण नियमावली, २०५९ संशोधनको लागि मन्त्रिपरिषद्मा पेश गर्ने	सहमतिका लागि कानुन मन्त्रालय पठाइएको	संस्कृति
९७	हवाइ सेवा व्यवस्थापन नियमावली स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	अर्थ र कानुनबाट प्राप्त राय उपर छलफल जारी	संस्कृति
९८	खुला सांस्कृतिक संग्रहालय र जीवन्त संग्रहालयको कार्यविधि तयार गर्ने	कार्यविधि तर्जुमा कार्य भइरहेको	संस्कृति
९९	तुवाचुङ्ग ऐतिहासिक-सांस्कृतिक क्षेत्र पूर्वाधार निर्माण कार्य २०% सम्पन्न गर्ने	निर्माण सुरु	संस्कृति
१००	पर्यटन ऐन संशोधन विधेयक मन्त्रिपरिषद्मा पेश	सहमतिका लागि कानुन मन्त्रालय पठाइएको	संस्कृति
१०१	हिलस्टेशन पूर्वाधार निर्माण कार्य कोशी प्रदेश (उदयपुर) र लुम्बिनी प्रदेश (अर्घाखाँची, नरपानी) मा पहिलो चरणको निर्माण कार्य १५% सम्पन्न गर्ने	अर्घाखाँची नरपानीको निर्माण कार्य ९०% सम्पन्न तथा उदयपुरको सूचना प्रकाशनको क्रममा	संस्कृति
१०२	दुर्गम क्षेत्रमा हवाइसेवा सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमा	अर्थ मन्त्रालयमा रायको लागि लेखी पठाइएको	संस्कृति

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
१०३	पूर्ण क्षमताको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि नेपाल सरकारद्वारा गठित विज्ञ समूहको प्रतिवेदन स्वीकृत भई आए पश्चात् विमानस्थल निर्माण कार्यको प्रारम्भिक कारवाही अगाडि बढाउने	वन तथा वातावरण मन्त्रालय र रक्षा मन्त्रालयमा रायको लागि लेखी पठाइएको	संस्कृति
१०४	उच्चस्तरीय प्रशासन सुधार आयोग गठनसम्बन्धी प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने	सङ्घीय निजामती सेवासम्बन्धी विधेयकमा प्रस्ताव भएको	सङ्घीय
१०५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	मस्यौदा तयार, राय सहमति माग	सङ्घीय
१०६	स्थानीय तहलाई मन्त्रालयबाट तयार गरी उपलब्ध गराइएको नमुना कानुनको कार्यान्वयन प्रभावकारिता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	अध्ययन भइरहेको	सङ्घीय
१०७	सामाजिक सञ्जालको व्यवस्थापन र अभिमुखीकरण गर्ने	कार्यविधिको मस्यौदा तयार	सञ्चार
१०८	डिजिटल नेपाल फ्रेमवर्कको समसामयिक परिमार्जन गर्ने	परिमार्जनका विषयमा छलफल भइरहेको	सञ्चार
१०९	थप ४ प्रदेशमा ५G नेटवर्क परीक्षण सम्पन्न गर्ने	Import License प्राप्त गर्ने प्रक्रियामा रहेको	सञ्चार
११०	राष्ट्रिय साइबर ड्रिल (Simulation) सञ्चालन गर्ने	ToR र लागत अनुमान तयार	सञ्चार
१११	डाटा सेन्टर र हेटौंडामा डाटा रिकभरी सेन्टरको क्षमता विस्तार गर्ने	स्रोतको व्यवस्थापन नभएको	सञ्चार
११२	५१५० वडा कार्यालयहरूमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने	कार्य सुरु नभएको	सञ्चार
११३	१० वटा क्रमागत सडक पुल निर्माण सम्पन्न गर्ने	७ वटा सम्पन्न	सहरी
११४	बस्ती विकास नीति, आवास नीति, Utility corridor सहितको शहरी विकाससम्बन्धी विधेयकको अन्तिम मस्यौदा तयार हुने	तर्जुमाको क्रममा रहेको	सहरी
११५	बन्चरेडाँडा स्यानीटरी ल्यान्डफिल साइट कार्यको पूरक EIA गर्न परामर्शदातासँग सम्झौता गर्ने	परामर्शदाता छनौटको चरणमा	सहरी

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
११६	बन्चरेडाँडा स्यानीटरी ल्यान्डफिल साइट प्रभावित क्षेत्रको मागका आधारमा ३५% सडक निर्माण	खिलभुजा-चिलाउने गाउँ-भङ्याङ्ग पोखरी-डुम्रेचौर सडक खण्ड सम्पन्न मरुवा-चौदारमोड सडक निर्माणाधीन	सहरी
११७	बन्चरेडाँडा स्यानीटरी ल्यान्डफिल साइटको Dam को उचाइ थप्ने निर्माण कार्य १५% सम्पन्न	स्रोत सहमतिका लागि पठाइएको	सहरी
११८	काठमाण्डौं उपत्यकाको वृहत्तर गुरुयोजनाको Final Masterplan तयार गर्ने	Draft Final Report प्राप्त	सहरी
११९	<u>काठमाण्डौं सिंहदरबारमा सङ्घीय संसद भवन-</u> -Civil Works सम्बन्धी कार्य ९२% सम्पन्न गर्ने -MEP works सम्बन्धी कार्य ८०% सम्पन्न गर्ने -Landscaping सम्बन्धी कार्य ७५% सम्पन्न गर्ने	 ८०% सम्पन्न ३४% सम्पन्न ४२% सम्पन्न	सहरी
१२०	सिंहदरबार पश्चिम लङ्गको प्रबलीकरण कार्य सम्पन्न गर्ने	९६% कार्य सम्पन्न	सहरी
१२१	<u>धरहरा पुनःनिर्माण-</u> -Mint Museum को कार्य सम्पन्न गर्ने -वेसमेन्ट फिनिसिङ्ग कार्य सम्पन्न गर्ने	 ९०% सम्पन्न ९५ % सम्पन्न	सहरी
१२२	नगर विकास कोष ऐन, २०५३ को संशोधन विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	मस्यौदा तयार	सहरी
१२३	स्वास्थ्य बीमा ऐन, २०७४ संशोधन विधेयक मन्त्रिपरषद्मा पेश गर्ने	कार्य प्रक्रियामा रहेको	स्वास्थ्य
१२४	सामाजिक सुरक्षाका कार्यक्रम र स्वास्थ्य बीमाका बीच दोहोरोपन हटाउने सम्बन्धी कार्यविधि स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	उल्लेख्य प्रगति हासिल नभएको	स्वास्थ्य
१२५	सङ्घीय संरचना अनुरूप राष्ट्रिय जनसंख्या नीति स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने	कार्य प्रकियामा रहेको	स्वास्थ्य
१२६	स्थानीय तहमा निर्माणाधीन ५, १०, १५ शय्याको ७५ वटा आधारभूत अस्पतालको निर्माण सम्पन्न गर्ने	सम्पन्न- २८, काम सुरु- ४१३ र DPR स्वीकृत- २५८	स्वास्थ्य

क्र.सं.	क्रियाकलाप	हालको अवस्था	मन्त्रालय/ निकाय
१२७	एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने	कार्य प्रकियामा रहेको	स्वास्थ्य
१२८	पुराना सवारी साधन तथा सम्पत्ति लिलाम बिक्री	लिलाम सूचना प्रकाशित भएको तर लिलाम बिक्री हुन नसकेर थप लिलामको प्रक्रिया पूरा गर्नुपर्ने	प्र.म.तथा म.प.का., अर्थ, भौतिक र कानुन
		कार्य प्रक्रियामा रहेको	बाँकी १८ मन्त्रालय
१२९	सङ्गठन र व्यवस्थापन सर्वेक्षण	सम्पन्न	प्र.म.तथा म.प.का
		आंशिक सम्पन्न	सञ्चार र महिला
		स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश	सङ्घीय मामिला
		कार्य प्रक्रियामा रहेको	बाँकी १८ मन्त्रालय
१३०	सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली	कार्य प्रकियामा रहेको	कानुन, कृषि, परराष्ट्र, भूमि, सङ्घीय मामिला र स्वास्थ्य
		लागु भएको	बाँकी १६ मन्त्रालय

९. समस्या र कारणहरूको विश्लेषण

मन्त्रालय तथा निकायहरूबाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट वार्षिक कार्ययोजना अनुसार चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने मध्ये चालु वा सुरु हुन नसकेका र चैत मसान्तसम्म सुरु हुनुपर्ने मध्ये चालु (लक्ष्य प्राप्ति नभएका) वा सुरु हुनुपर्ने मध्ये सुरु नभएका माइलस्टोनका कारणहरू स्तम्भचित्र-१५ मा प्रस्तुत गरिएको छ।

स्तम्भचित्र-१५

२०८० चैत महिनासम्म निश्चित लक्ष्य हासिल हुन नसकेका माइलस्टोनका कारण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- माथिको स्तम्भचित्रलाई विश्लेषण गर्दा हालसम्म सम्पन्न हुनुपर्नेमध्ये कार्य सुरु हुन नसक्नुका कारणहरूमा कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्नेजस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेको कारणबाट कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। तोकिएको

उक्त कार्य सम्पन्न गर्न आवश्यक पर्ने अघिल्लो कार्य सम्पन्न नभएका कारणसमेत यस्तो अवस्था सिर्जना हुने गर्दछ। उदाहरणका लागि कुनै भौतिक संरचना निर्माणका लागि "लागत अनुमान तयारी" माइलस्टोन सम्पन्न नभएका कारण त्यसपछिका "बोलपत्रको सूचना प्रकाशन", "निर्माण सम्झौता" जस्ता माइलस्टोन स्वतः प्रभावित हुने देखिन्छ। समीक्षा अवधि चैत मसान्तसम्म सम्पन्न हुनुपर्नेमध्ये ८३९ माइलस्टोन पूर्वतयारी पूरा हुन नसकेका कारण लक्ष्य प्राप्त नभएको देखिएको छ।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो । सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनहरूमध्ये २७५ माइलस्टोन बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित देखिएको छ भने जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनका कारण १०६ वटा प्रभावित भएका छन्।

- स्थान छनौट/ जग्गा प्राप्ति नभएको कारणले लक्ष्य प्राप्त हुन नसकेको माइलस्टोन ६७ वटा, कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको कारण १०६ वटा, अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय हुन नसकेका कारण १०८ वटा, निर्माण व्यवसायी/परामर्शदाताबाट ढिलाइ भएका कारण ३६ वटा र अन्य निकायको सहमति प्राप्त नभएका कारण ११२ वटा माइलस्टोन सम्पन्न हुन सकेका छैनन्।

- त्यसैगरी विवाद तथा कानूनी जटिलताका कारण ४८ वटा र कार्यक्रमको पुनःसंरचना गर्नु परेको कारण १८ वटा, विपद् तथा प्रतिकूल मौसमका कारण ५ वटा, निर्माण सामग्रीको आपूर्ति समस्याका कारण ७ वटा र अन्य कारणले गर्दा ७४ वटा माइलस्टोन सम्पन्न हुन नसकेको देखिएको छ।

- प्रष्ट कारण उल्लेख नगरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले लक्ष्य प्राप्त हुन नसकेका भनी उल्लेख भएका माइलस्टोनहरूको संख्या ४० रहेकोले मन्त्रालय/ निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्बन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्ने देखिएको छ। यसरी समयमै प्रतिवेदन नगर्नुले मन्त्रालयले प्रतिवेदनमा ध्यान नदिएको वा उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुनसक्ने देखिन्छ।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ । समग्र प्रगतिको विश्लेषण गर्दा देहायका विषयहरूमा अन्तरसम्बन्धित निकायहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेको देखिन्छ।
    - दातृ निकायबाट राय/सहमति प्राप्त गर्ने विषय

- बहुवर्षीय आयोजना स्वीकृतिको विषय
- जग्गा प्राप्तिको विषय
- जनशक्ति आपूर्तिको विषय
- विभिन्न विषयहरूमा रहेका विवाद समाधानका विषय
- रुख कटान; सार्वजनिक, निजी एवं वनक्षेत्रको जग्गा उपयोगको विषय
- नदी एवं खानीजन्य निर्माण सामग्री प्राप्तिको विषय
- स्रोत सुनिश्चितता एवं बजेटको पर्याप्तताको विषय
- आयोजनाको रिडिजाइन गर्नुपर्ने, खरिद प्रक्रिया दोहोऱ्याउनु पर्ने, वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विषय ।

१०. सुझावहरू

माथि उल्लिखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

(क) आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुने भनी तोकिएका विषयहरू सुरु समेत हुन नसकेको स्थितिबाट पछाडि कार्यचाप थपिदै जान्छ। तसर्थ त्यस्ता कार्यहरूको वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।

(ख) आयोजना/कार्यक्रम स्थलमा नगई वर्षात् या महामारीको समयमासमेत कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आ.व.को सुरुका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

(ग) बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न पूर्व मूल्याङ्कन गरेर मात्र कार्ययोजनामा समावेश गर्नु उपयुक्त हुन्छ।

(घ) स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा अनिवार्य दायित्वको रकम र विकास सहायताका कार्यक्रमहरूमा छुट्याउनुपर्ने, यस्तो बजेट छुट्याइएपछि मात्र नयाँ कार्यक्रम प्रस्ताव गरिएको/नगरिएको विषय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन प्रबर्द्धन गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ समेतले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा स्थान छनौटजस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूलाई वार्षिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(च) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(छ) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।

(ज) आयोजना/कार्यक्रम कार्यान्वयमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(झ) सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानूनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।

(ञ) कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

(ट) आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, कानूनी व्यवस्थालाई व्यवहारिक बनाउने, भौतिक निर्माणमा निर्माण व्यवसायीको कार्यसम्पादन विश्लेषण गरी प्रत्येक निर्माण व्यवसायीलाई निश्चित संख्यामा मात्र ठेक्का दिने, छनौट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरेमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

(ठ) अन्तर निकाय समन्वयको कमीले लक्ष्य हासिल हुन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। अन्तर सम्बन्धित विषयहरूमा सम्बन्धित मन्त्रालय/निकायले आवश्यक पहल गर्ने र सहयोग गर्नुपर्ने निकायहरूले समेत प्राथमिकताका साथ सहयोग उपलब्ध गराउनु पर्दछ। यसका लागि आवश्यकताअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं सम्वन्धित नियमनकारी निकायहरूको समेत सहयोग लिनु उपयुक्त हुन्छ।